नेपाल सरकार
गृह मन्त्रालय
आन्तरिक प्रशासन, सवारी तथा सभा समारोह ब्यवस्थापन शाखा

ईमेलः vmcmgmt@moha.gov.np
फोन नं. ०१-४२११२३५
फ्याक्स नं. ०१-४२११२१५

आ.प्र.स.स.ब्य. ०७६/०७७
च.नं. ६३०

अत्यन्त जरूरी

मिति २०७७।०३।०९

विषयः- उपत्यका प्रवेश सवारी पास जारी सम्वन्धमा ।

**श्री प्रमुख जिल्ला अधिकारी (सबै)**

प्रस्तुत विषयमा कोभिड १९ रोकथाम तथा नियन्त्रणका सन्दर्भमा बन्दावन्दीको समयमा सवारी साधन ब्यवस्थापनका लागि सवारी पास अनुमति जारी सम्वन्धमा यस मन्त्रालयबाट विभिन्न समयमा निर्देशनहरु समेत भई कार्यान्वयन भईरहेकै छन् । पछिल्लो समयमा काठमाण्डौं उपत्यकामा सवारी पास ब्यवस्थापनका लागि मन्त्रालयमा उपत्यका प्रवेश सवारी पास ब्यवस्थापन इकाइ समेतको ब्यवस्था भई मन्त्रालयसंगको समन्वयमा स्वीकृति पश्चात जिल्लाहरुबाट उपत्यका प्रवेशका लागि सवारी पास जारी भईरहेको विद्यमान परिस्थितिमा अत्यावश्यक कार्यमा सवारी साधन पासलाई आवश्यकता र औचित्यताको आधारमा थप ब्यवस्थित, सहजिकृत गर्नुपर्ने देखिन्छ । अतः कोभिड १९ संक्रमण जोखिमका सम्भावनालाई उच्च सतर्कतापूर्वक मनन् गरी अब उपरान्त देहाय बमोजिमका शर्तहरुको पूर्ण कार्यान्वयन गरी गराई मात्र काठमाण्डौं उपत्यका प्रवेशका लागि सवारी पास जिल्लावाटै जारी हुने ब्यवस्था मिलाउनुहुन मिति २०७७।३।९ (सचिवस्तर) को निर्णयानुसार अनुरोध छ ।

<u>देहायः-</u>

१. उपत्यका प्रवेशका लागि जिल्लाबाट सवारी पास जारी गर्दा गन्तव्यको सम्वन्धित स्थानीय तहको निगरानीमा नियमानुसार एकान्तवास (Quarantine) मा बस्नुपर्ने ब्यहोरा सहितको लिखित सहमति र उपत्यकाको सम्वन्धित जिल्ला प्रशासन कार्यालयको लिखित सहमतिका आधारमा मात्र सवारी पास जारी गर्ने । उक्त सवारी पास अनुमति लगायत स्थानीय तहको पत्र, गन्तव्य जिल्ला प्रशासन कार्यालयको पत्र सबै कागजात सम्वन्धित पास लिएका ब्यक्तिले साथमा राख्नुपर्ने र यी कागजातहरु सुरक्षा निकायबाट जुनसुकै स्थानमा पनि चेकजाँच हुन सक्नेछ ।
२. यस मन्त्रालयबाट प्रेषित च.नं. ०७७।९२५(जिन्सी)/५९५ मिति २०७७।०२।२३ को पत्रमा उल्लिखित बुँदा नं. १(क) को हकमा सोही बमोजिम गर्ने ।
३. स्वास्थ्य प्रोटोकल अनुसार सवारी साधनमा आउने ब्यक्तिको संख्या एकिन गरी मात्र सवारी पास अनुमति जारी गर्ने ।
४. दैनिक जारी भएका सवारी साधन पास अनुमतिको विवरण बेलुकी ४:०० वजे भित्र यसैसाथ संलग्न ढाँचामा मन्त्रालयको ईमेल vmcmgmt@moha.gov.np मा Soft copy समेत अनिवार्य पठाउने ब्यवस्था गर्ने ।

अर्जुन भण्डारी
उप-सचिव

<u>अवगतार्थ</u>

श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय, (सबै प्रदेश) ।
श्रीमान् महाशाखा प्रमुखज्यूहरु (सबै), गृह मन्त्रालय ।
श्री शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा, गृह मन्त्रालय ।

<u>बोधार्थ तथा कार्यार्थ</u>

श्री प्रहरी प्रधान कार्यालय, नक्साल काठमाण्डौः *उपत्यका प्रवेश गर्ने नाका लगायतका युनिटमा जानकारी गराउनु हुन ।*
श्री सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय, स्वयम्भू काठमाण्डौ ।
श्री प्रदेश प्रहरी कार्यालय, (सबै प्रदेश) ।

नेपाल सरकार

# सवारी पास अनुमति विवरणको अभिलेख विवरण ।

| क्र.सं. | यात्रा गर्ने ब्यक्तिहरुको नाम, थर | स्थायी ठेगाना | काठमाण्डौं उपत्यकामा बस्ने ठेगाना (टोल समेत) | सवारी साधन किसिम र नं. | उपत्यका आउनुपर्ने कारण | उपत्यका प्रवेश गर्ने मिति | स्थानीय तहको पत्र च.नं. र मिति | सम्वन्धित जि.प्रशा.का.को च.नं. र मिति | क्वारेन्टिन बस्ने मञ्जुरी छ/छैन | सम्पर्क नं. | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

नोट:- माथि उल्लिखित विवरणहरु सबै अनिवार्य रुपमा राख्ने व्यवस्था मिलाउने र मन्त्रालयमा नियमित प्रतिवेदन पठाउने।

उप सचिव